# PAPER-II
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ____________________________
   (Name) ____________________________
2. (Signature) ____________________________
   (Name) ____________________________

OMR Sheet No. : .............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.____________________________________
(In words)

| J | 3 | 4 | 1 | 6 |
|---|---|---|---|---|

Time : **1 ¼** hours] [Maximum Marks : **100**

Number of Pages in this Booklet : **12** Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** ① ② ● ④
   where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Black Ball point pen provided by C.B.S.E.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है :
   **उदाहरण** : ① ② ● ④
   जबकि (3) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल C.B.S.E. द्वारा प्रदान किये गये काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**

**NEPALI**
**नेपाली**
**PAPER – II**
**प्रश्नपत्र – II**

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. All Questions are compulsory.

**द्रष्टव्य** : यस प्रश्नपत्रमा **पचासवटा (50)** बहु-विकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्नका उत्तर लेख्नु अनिवार्य छ ।

**1.** शब्दमा इकार वा उकारका अघि इकार वा उकार नै थपिन आउनै प्रक्रियालाई भाषाविज्ञानका शब्दावलीमा के भनिन्छ ?

(1) स्वरसङ्गति ।  (2) अपिनिहिति ।
(3) समीभवन ।  (4) सादृश्य ।

**2.** 'मकैको खेती' ले मच्चाएको मकैपर्व काण्डको कारकका रूपमा पं हेमराज पाण्डे र पं राममणि आ दीको हात रहेको आरोप लाउने समालोचक को हुन् ?

(1) कृष्णचन्द्रसिंह प्रधान ।  (2) कमलमणि दीक्षित ।
(3) हृदयचन्द्रसिंह प्रधान ।  (4) गणेशबहादुर प्रसाई ।

**3.** कृष्णचन्द्रसिंह प्रधानअनुसार 'सूक्तिसिन्धु' माथि प्रतिबन्ध लाग्नाको वास्तविक कारण के थियो ?

(1) राजद्रोह ।  (2) अश्लीलता ।
(3) आर्थिक भ्रष्टाचार ।  (4) झोसपोल ।

**4.** तलका मध्ये सही कथन चिह्नित गर्नुहोस् ।

(क) कुनै रूप अर्को रूपको परिवेशमा छुट्टिन्छ ।
(ख) एउटै वर्णतात्त्विक संरचना भिन्नाभिन्नै अर्थ हुँदा संरूप हुन्छ ।
(ग) कुनै वर्णका परिवेशमा संरूपहरूको निर्धारण हुन्छ ।
(घ) एउटा वर्णतात्त्विक संरचना एउटै अर्थ हुँदा एउटै रूप हुन्छ ।

(1) (क), (ग), (घ)
(2) (क), (ख), (घ)
(3) (ख), (ग), (घ)
(4) (क), (ख), (ग)

**5.** विशेष किसिमका गीत भनेर वर्गीकृत धार्मिक गीत, अनुष्ठानमूलक गीत, पर्वगीत, श्रमगीत आदि कुन आधारमा गरिएको वर्गीकरण अन्तर्गत पर्दछन् ?

(1) प्रकार्यका आधारमा ।

(2) सहभागिताका आधारमा ।

(3) रूपरचनाका आधारमा ।

(4) भाकाका आधारमा ।

**6.** "भिक्षु कुनै केन्द्रीय मनोदशालाई समाती त्यससित सारा मनोभावलाई रित्याउन चाहनुहुन्छ । त्यसैले कतै कतै कथाको तत्त्व लुप्त भएर त्यहाँ पाइन्छ मुद्दा फैसलाको बुँदा टिपाइ ।"

– भिक्षुको कथालेखनबारे यस्तो टिप्पणी कसले गरेका हुन् ?

(1) ईश्वर बराल ।
(2) रत्नध्वज जोशी ।
(3) ताना सर्मा ।
(4) वासुदेव त्रिपाठी ।

**7.** नेपाली कवि मोहन कोइराला, बङ्गलाका कवि जीवनानन्द दास र हिन्दीका कवि अज्ञेयका कवितामा पाइने एउटा साझा विशेषता के हो ?

(1) बिम्बवादको प्रभाव ।

(2) विसङ्गतिवादको प्रभाव ।

(3) घनत्ववादको प्रभाव ।

(4) चेतनाप्रवाह शैली ।

**8.** यीमध्ये कुनचाहिँ छन्द विषममात्रिक वर्गको हो ?

(1) आर्या ।
(2) ललित ।
(3) चौपाई ।
(4) दोहा ।

**9.** "माइलाका हड्डीहरू अब फलामका छैनन्

जसबाट बनिन्थे विश्वयुद्ध लड्ने हतियारहरू"

– यस कवितांशमा 'हड्डीहरू अब फलामका छैनन्' – मा कुन शब्द-शक्ति पाइन्छ ?

(1) प्रयोजनवती लक्षणा ।
(2) रूढि लक्षणा ।
(3) योगरूढि अभिधा ।
(4) आर्थी व्यञ्जना ।

10. तलका समूह ‘क’ र समूह ‘ख’मा दिइएका कविता र कविको सही क्रम मिलाएर चिह्नित गर्नुहोस् -

| | ‘क’ | | ‘ख’ |
|---|---|---|---|
| (क) | क्याम्प उठ्यो | (i) | डिल्लीराम तिमसिना |
| (ख) | दार्जिलिङको बाघचुलीमा | (ii) | तुलसी अपतन |
| (ग) | बिर्सन्न बिर्सन्न है | (iii) | लक्ष्मीप्रसाद देवकोटा |
| (घ) | छैन बिर्सने | (iv) | हरिप्रसाद ‘गोर्खा’ राई |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (1) | (ii) | (iv) | (i) | (iii) |
| (2) | (iv) | (i) | (ii) | (iii) |
| (3) | (iv) | (iii) | (i) | (ii) |
| (4) | (iii) | (i) | (iv) | (ii) |

11. वासुदेव त्रिपाठीले प्रकृतवादी सौन्दर्यशास्त्रको आधारशिला कुन कृतिलाई मानेका छन् ?

(1) दाँतेको ‘डिभाइन कमेडी’ ।

(2) एमिल जोलाको ‘ली रोमन एक्सपेरिमेन्टल’ ।

(3) क्लाउड लेवी स्त्रासको ‘स्ट्रक्चरल एन्थ्रोपोलजी’ ।

(4) क्लाउड बर्नार्डको ‘एन इन्ट्रडक्सन टु दी स्टडी अव् एक्सपेरिमेन्टल मेडिसिन’ ।

12. धम्मपदीय प्राकृतका नमुना कुन लिपिमा लेखिएका पाइन्छन् ?

(1) नागरी ।
(2) नन्दी नागरी ।
(3) खरोष्ठी ।
(4) कुटिल ।

13. “त्यसका आँखा खैरा थिए, साना-साना र कपालले स्वर्णीम आभा लिएको थियो । यदि शृङ्गार-प्रसाधनद्वारा आफूलाई सजाउन सक्ने भएकी भए वर्ण, केश र आँखाले त्यो दक्षिण युरोपकी नारी जस्ती लाग्ने थिई ।” – यस्तो रूप-रङ्ग भएकी नेपाली कथाकी पात्र कुन हो ?

(1) धनमती ।
(2) फगुनी ।
(3) पोखराज ।
(4) ठुलीकान्छी ।

**14.** संस्कृत नाट्य परम्परामा नायकको मृत्यु भएको एउटा मात्र दु:खान्त नाटक कुन हो ?

(1) भट्टनारायणको ‘वेणीसंहार’ ।

(2) विशाखादत्तको ‘मुद्राराक्षस’ ।

(3) भासको ‘उरूभङ्ग’ ।

(4) शूद्रकको ‘मृच्छकटिकम्’ ।

**15.** पुष्कर शमशेरको ‘परिबन्द’ र शिवकुमार राईको ‘ज्यानमाए’ कथामा पाइने पात्र, घटना, आख्यान-जगत् र जुक्ति आदिको प्रयोगस्थितिगत समानतालाई इतिवृत्तशास्त्रीय शब्दावलीमा के भनिन्छ ?

(1) पराख्यान । (2) पुनराख्यान ।

(3) आख्यानान्तरण । (4) अन्तराख्यान ।

**16.** लोकवार्ता अध्ययनका कुन पद्धतिको प्रयोग कसले गरे ? सही उत्तर ठिम्याएर चिह्नित गर्नुहोस् ।

| | **‘क’** | | **‘ख’** |
|---|---|---|---|
| (क) | पुराकथात्मक सिद्धान्त | (i) | वाल्टर एन्डर्सन |
| (ख) | प्रसारवाद | (ii) | लाउरी होन्को |
| (ग) | सन्दर्भवादी पद्धति | (iii) | जेम्स जर्ज फ्रेजर |
| (घ) | भूगोल-ऐतिहासिक पद्धति | (iv) | थ्योडोर बेन्फे |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (iii) | (iv) | (i) | (ii) |
| (2) | (ii) | (iii) | (iv) | (i) |
| (3) | (iii) | (iv) | (ii) | (i) |
| (4) | (iv) | (iii) | (ii) | (i) |

**17.** “उसको रूपलाई लिने हो भने नारी आफै उसको र हाम्रो पनि आश्चर्य हो ।” – यो वाक्य कसले लेखेको हो ?

(1) गोपालप्रसाद रिमाल । (2) पारिजात ।

(3) विजय मल्ल । (4) बालकृष्ण सम ।

**18.** चरा अनेक चिर्बिरे फरर्र पंख छिर्बिरे
हवा बहन्छ हर्हरे छ शुष्क पत्र सर्सरे ।
अरण्यमा अनेक छन् कुरा विचित्र मर्मरे
दगुर्छ यान थर्थरे लिएर मार्ग घर्घरे ।

माथिको पद्यमा कुन छन्दको प्रयोग भएको छ ?

(1) शिखरिणी ।  (2) पृथ्वी ।
(3) पञ्चचामर ।  (4) वियोगिनी ।

**19.** माथिको पद्य कुन काव्य-कृतिबाट निकालिएको हो ?

(1) तरुण तपसी ।  (2) शाकुन्तल ।
(3) सुलोचना ।  (4) आदर्श राघव ।

**20.** "वसन्तमा फुले बेली, चमेली, मालती, जुही
दबे क्षुधा तृषा निद्रा कोकिल स्वरमा नुही ।"
– यस पद्यमा कुन अलङ्कार पाइन्छ ?

(1) काव्यलिङ्ग ।  (2) परिकर ।
(3) तुल्ययोगिता ।  (4) प्रतिवस्तूपमा ।

**21.** तलका समूह 'क' अनि समूह 'ख' मा भएका पुस्तक र तिनका लेखकहरू चिनेर निर्दिष्ट स्थानमा चिह्नित गर्नुहोस् ।

| | **समूह 'क'** | | **समूह 'ख'** |
|---|---|---|---|
| (क) | अमरकोष | (i) | बालचन्द्र शर्मा |
| (ख) | बृहद् नेपाली कोश | (ii) | चक्रपाणि चालिसे |
| (ग) | सरि-शब्द | (iii) | कुलचन्द्र गौतम |
| (घ) | बगली कोश | (iv) | महानन्द सापकोटा |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iii) | (iv) | (i) |
| (2) | (iii) | (i) | (iv) | (ii) |
| (3) | (iv) | (i) | (ii) | (iii) |
| (4) | (iii) | (iv) | (ii) | (i) |

**22.** रूपान्तरण व्याकरणअन्तर्गत 'मानक सिद्धान्त' का प्रतिपादक को हुन् ?

(1) जेलिग ह्यारिस । (2) नोअम चम्स्की ।

(3) एम ए के ह्यालिडे । (4) केनेथ ली पाइक ।

**23.** 'पञ्चतन्त्र' का कथाहरू भारतबाटै अन्य देशहरूमा फैलिएका हुन् भन्ने भाषाशास्त्री को हुन् ?

(1) थियोडोर बेन्फे । (2) याकोब ग्रिम ।

(3) विल्हेल्म ग्रिम । (4) इरिक फ्रोम ।

**24.** "एङ्गो सङ्गो झाझे झेङ्गा
राङ्गा राजे तिप्लिङजोङ्गा ।"

माथिको पद्यांश लक्ष्मीप्रसाद देवकोटाको कुन रचनामा पाइन्छ ?

(1) आषाढको पन्ध्र । (2) पहाडी जीवन ।

(3) छन्द र लय । (4) कला र जीवन ।

**25.** कथा वा उपन्यासमा अन्तर्निहित कथानकको कालावधि र कालक्रमलाई इतिवृत्तशास्त्रीय शब्दावलीमा के भनिन्छ ?

(1) पाठसमय । (2) इतिवृत्तसमय ।

(3) कथासमय । (4) ऐतिहासिक समय ।

**26.** लोकसाहित्यको अध्ययनमा पाठ-आलोचनात्मक पद्धतिको प्रयोग कसले गरे ?

(1) इलियास लोन्रो । (2) माती कुसी ।

(3) एन्टी आर्ने । (4) कार्ल क्रोह्न ।

**27.** वैदिक युगको जीवनशैली र परिवेशमा केन्द्रित नेपाली उपन्यास कुन हो ?

(1) केशवराज पिंडालीको 'एकादेशकी महारानी' ।

(2) मदनमणि दीक्षितको 'माधवी' ।

(3) नारायण ढकालको 'प्रेतकल्प' ।

(4) विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' ।

**28.** तलका मध्ये कुनचाहिँ कृति नन्द हाङ्खिमको हो ?

(1) भूसको आगो । (2) ध्वनिहरू ।

(3) मृत्यु दिवस । (4) रगतको पसिना ।

**29.** "भानुभक्तले कुनै नयाँ कुरा गरेका होइनन् उनी भन्दा अगाडि रघुनाथले पनि त 'सुन्दर काण्ड' श्लोकैमा उल्था गरेका थिए भन्ने प्रश्न उठ्न सक्छ ।"

– उपर्युक्त भनाइ कसको हो ?

(1) रामकृष्ण शर्मा । (2) दीननाथ सापकोटा ।

(3) गुमानसिंह चामलिङ । (4) पुष्कर शमशेर ।

**30.** 'अखिल सिक्किम छात्र सम्मेलन' – ले प्रकाशित गरेको पत्रिका कुन हो ?

(1) सुनाखरी । (2) कञ्चनजङ्घा ।

(3) दी पोल स्टार । (4) नवज्योति ।

**31.** इन्द्रबहादुर राईले तेस्रो आयामको अवधारणा अन्तर्गत 'वस्तुता' लाई पूर्ववर्ती कुन अवधारणासँग तुलना गरेका छन् ?

(1) इलियटको 'निर्वैयक्तिकता' । (2) कान्टको 'वस्तु आफैमा' ।

(3) चित्रकलाको 'क्युबिज्म' । (4) मूर्तिकलाको 'होलोग्राम' ।

**32.** 'प्रेमकान्ता' अनि 'प्रेमकान्ता सन्तति' नामका दुईवटा उपन्यास हिन्दी भाषामा लेख्ने साहित्यकार को हुन् ?

(1) पहलमानसिंह स्वाँर । (2) देवकीनन्दन खत्री ।

(3) रामप्रसाद सत्याल । (4) शम्भुप्रसाद ढुङ्गेल ।

**33.** नाट्य मञ्चनलाई भरतमुनिले कस्तो यज्ञ मानेका छन् ?

(1) अनुकरणवृत्ति यज्ञ । (2) विनोदवृत्ति यज्ञ ।

(3) सम्प्रेषण यज्ञ । (4) चाक्षुष् यज्ञ ।

**34.** "रूपनारायणबाबूले 'भ्रमर' द्वारा दार्जीलिङ्मा नेपाली साहित्यको आधुनिकता तिखारेथे, तदनुसार लीलबहादुरबाबूले पनि 'ब्रह्मपुत्रका छेउछाउ' – का माध्यमबाट असममा नेपाली साहित्यको आधुनिक रूपलाई पुस्ट्याउने प्रयास गरेका छन् ।"

– यस्तो तुलनात्मक टिप्पणी गर्ने साहित्यकार को हुन् ?

(1) ईश्वर बराल । (2) सूर्यविक्रम ज्ञवाली ।

(3) पारसमणि प्रधान । (4) गुमानसिंह चामलिङ ।

**35.** तलका समूह ‘क’ का नाटक र समूह ‘ख’ का तिनका नाटककारहरूको सही क्रम मिलाएर चिह्नित गर्नुहोस् –

| | **‘क’** | | **‘ख’** |
|---|---|---|---|
| (क) | झागल गुरूङ | (i) | मोदनाथ शर्मा शास्त्री |
| (ख) | मुलुकभित्र | (ii) | सुन्दरप्रसाद शाह दुखी |
| (ग) | हाम्रो लक्ष्य | (iii) | मोदनाथ प्रश्रित |
| (घ) | आमाको काखमा | (iv) | रामप्रसाद प्रदीप |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (iv) | (iii) | (i) | (ii) |
| (2) | (ii) | (iv) | (i) | (iii) |
| (3) | (iv) | (i) | (ii) | (iii) |
| (4) | (iii) | (i) | (iv) | (ii) |

**36.** रूपार्थपरक व्याकरणका प्रणेता को हुन् ?

(1) जे आर फर्थ ।
(2) केनेथ ली पाइक ।
(3) नोअम चम्स्की ।
(4) माइकल ह्यालिडे ।

**37.** मोतीराम भट्टकृत ‘सत्य हरिश्चन्द्र कथा’ कुन विधाको कृति हो ?

(1) नाटक ।
(2) काव्य ।
(3) कथा ।
(4) उपन्यास ।

**38.** वैचारिक विकासको क्रममा प्रथमत: धार्मिक त्यसपछि पराभौतिक र अन्तत: प्रत्यक्षवादी वा वैज्ञानिक हुन्छ भन्ने विद्वान् को हुन् ?

(1) अस्कर वाइल्ड ।
(2) इ एच कार ।
(3) अगस्त कौंत ।
(4) कलिङ्उड ।

**39.** “जीवनको गम्भीर ज्ञान त्यहाँ छैन जसको अभावमा कस्तै सफल कृति पनि महान् कृति बन्न सक्दैन ।”
– रूपनारायणकृत ‘भ्रमर’बारे गरिएको यो टिप्पणी कसको हो ?

(1) इन्द्रबहादुर राई ।
(2) गणेशलाल सुब्बा ।
(3) राजनारायण प्रधान ।
(4) कृष्णचन्द्रसिंह प्रधान ।

**40.** नेपाली नाम पदावलीमा सङ्ख्यावाचक शब्द र नामका बिचमा आउने शब्दलाई के भनिन्छ ?

(1) पूरक ।  (2) निपात ।
(3) कोटिकार ।  (4) आख्यात ।

**41.** साहित्य अध्ययनको सङ्केतवैज्ञानिक अध्ययनमा विशेष योगदान कसले दिएका हुन् ?

(1) रोमन याकोब्सन ।  (2) येन मुकारोण्स्की ।
(3) नर्थ्रप फ्राई ।  (4) भिक्टर झिर्मुन्स्की ।

**42.** नृतत्त्वशास्त्री क्लाउड लेभी स्त्रासका विचारमा मिथक के हो ?

(1) प्रागैतिहासिक प्रक्रिया ।
(2) विशुद्ध मानसिक क्रिया ।
(3) प्रतीकात्मक अवचेतना ।
(4) वस्तुनिष्ठ सत्ता ।

**43.** सत्कवि विरचित कृति कुन हो ?

(1) सत्र सिलोके बधूशिक्षा ।  (2) तेत्तिससिलोके बधूशिक्षा ।
(3) कुलवर्णन ।  (4) विमलबोधानुभव ।

**44.** 'तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउनेछ ।'
– यसमा कुन किसिमको संवेदना छ ?

(1) स्पर्शग्राह्य संवेदना ।  (2) दृष्टिग्राह्य संवेदना ।
(3) मानसिक संवेदना ।  (4) मानवीय संवेदना ।

**45.** 'जुन विद्यार्थी मन लगाएर पढ्छ त्यो विद्यार्थी सफल हुन्छ ।' – यस वाक्यलाई 'जुन विद्यार्थी मन लगाएर पढ्छ त्यो सफल हुन्छ' बनाउँदा वाक्य-रूपान्तरणको कुन नियम प्रयोग गरिएको हुन्छ ?

(1) सर्वनामीकरण नियम ।
(2) सहायक क्रियापदलोप नियम ।
(3) कृदन्त स्थापन नियम ।
(4) वरण-निबन्धन नियम ।

**46.** 'कृतिमा लेखकको दृष्टिकोण जति अप्रत्यक्ष रूपमा अन्तर्निहित रहन्छ त्यति नै मात्रामा कृति उत्कृष्ट बन्दछ ।' – यो धारणा कुन चिन्तकले प्रकट गरेका हुन् ?

(1) कार्ल मार्क्स ।
(2) राल्फ वाल्डो इमर्सन ।
(3) इम्म्यानुअल कान्ट ।
(4) वाल्टर पेटर ।

**47.** तलको कुन कथन सही छ ?

(1) शक्तिवल्लभ अर्ज्यालको 'महाभारत विराट्पर्व' नेपालीको पहिलो कथा हो ।
(2) 'वेतालपच्चीसी' र 'सिंहासन बत्तीसी' शक्तिवल्लभ अर्ज्यालका पद्यात्मक कृति हुन् ।
(3) 'तुलसीस्तव' पनि शक्तिवल्लभ अर्ज्यालकै रचना हो ।
(4) 'हरिश्चन्द्र विलाप' शक्तिवल्लभ अर्ज्यालको नाटक हो ।

**48.** 'कुनै पनि कृति पूर्णत: स्वायत्त, स्वतन्त्र र एक्लो वा वियुक्त घटना होइन, परन्तु अरू अनेकौं पूर्वपाठहरूबाट ग्रहण गरिएका उद्धरणहरूको समिश्रण हो' भन्ने अवधारणालाई के संज्ञा दिइएको छ ?

(1) नव-इतिहासवाद ।
(2) अन्तर्पाठात्मकता ।
(3) बहुलवाद ।
(4) उत्तरआधुनिकता ।

**49.** "तिम्रा आलि अटली अटल करी अक्र्याँ छुँ... ।" – पुरानो नेपाली भाषाको नमुना भनिएको यो पङ्क्ति कहाँबाट लिइएको हो ?

(1) अशोक चल्लको सन् १२५५ को अभिलेख ।
(2) पुण्यमल्लको सन् १३५८ को ताम्रपत्र ।
(3) अभयमल्लको सन् १३४६ को ताम्रपत्र ।
(4) आदित्यमल्लको सन् १३९८ को ताम्रपत्र ।

**50.** 'यन्त्र > जन्तर', 'प्रीति > पिरती' कुन भाषिक प्रक्रिया हो ?

(1) अपिनिहिति ।
(2) स्वरसङ्गति ।
(3) मध्यस्वरलोप ।
(4) मध्यस्वरागम ।

**Space For Rough Work**